श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ को नियम ३ को उपनियम (४) र नियम ५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३७ मिति २०४४।२।२५ संख्या ८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा भएको औषधि परामर्श परिषद्को र औषधि सल्लाहकार समितिको पदेन सदस्यमा तोकिएको श्री प्रमुख, इन्डीएन्ट तथा प्रोक्योरमेन्ट महाशाखा, स्वास्थ्य मन्त्रालयको सट्टामा श्री प्रमुख, चिकित्सा महाशाखा, स्वास्थ्य मन्त्रालय राखी हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले महेन्द्र राजमार्ग (कोहलपुर–महाकाली) निर्माण विकास समिति (गठन), २०४० को दफा ३ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकलाई पनि महेन्द्र राजमार्ग (कोहलपुर– महाकाली) निर्माण विकास समितिको सदस्यमा समावेश गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
गजेन्द्रबहादुर मूल
उपसचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।